शहीदनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

प्रदेश नं. २, नेपाल

भिडियो एक्स-रे खरीद सम्बन्धी सिलबन्दी दरभाउ पत्रको सूचना

ठेक्का नं.०५/२०७७/७८

प्रथम पटक प्रकाशित मिति २०७८।०२।१३

आ.ब. २०७७।०७८ को वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा थप सेवा सुचारु गर्नको लागी हाल लाई प्राथमिक स्वास्थ्य केन्द्रमा राख्ने गरी भिडियो एक्स-रे सेवा संचालन गर्नको लागी उक्त भिडियो एक्स-रे खरीद गर्नु पर्ने भएकोले सिलवन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नको लागि यो दरभाउपत्र आव्हान गरिएको छ ।

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र रू. ३,०००।- (अक्षरेपी तीन हजार रुपैंया मात्र) फिर्ता नहुने गरी नगद वुझाएको सक्कल नगदी रसिद निवेदन साथ संलग्न राखी कार्यालय समयभित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. ०७७/७८ का लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपी र आ.ब. २०७६।७७ को कर चुक्ता गरेको प्रमाण का साथै आबश्यक कागजातका प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फाराम खरिद गर्न निवेदनसाथ पेश गर्नुपर्नेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी यस नगरपालिकाको कार्यालय यदुकुहा , धनुषामा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरू १६ औं दिनको २::०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोवहरमा यस कार्यालयमा खोलिनेछ । दरभाउ पत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम रु.१,१०,०००।- (अक्षरेपी रु.एक लाख दश हजार मात्र) शहीदनगर नगरपालिकाको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं. १२२०१००३०३०००००१० दाखिला गरेको सक्कलै बैंक भौचर कम्तीमा दरभाउपत्रको सुचनाको अन्तिम दिनबाट १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउत्रसाथ पेश गर्नुपर्नेछ । दरभाउ पत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५% वरावरको रकम संभौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

४. दरभाउ पत्रदाताले कवोल गरेको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । दरभाउपत्रमा केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनु पर्नेछ ।

५. नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउ पत्रदाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । स्वीकृत वजेटको स्थिति अनुसार खरिद गरिनेछ ।

६. रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. कार्यालयमा आपूर्ति गर्ने उक्त सामानको ढुवानी दरभाउ पत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

८. दरभाउपत्र फाराममा सामानको आइटमवाइज दररेट अनिवार्यरुपले भर्नुपर्नेछ ।

९. सप्लाइ गरिने सामान पुर्ण रुपमा गुणस्तरीय हुनुपर्ने छ ।

१०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले कानुनी रुपमा अयोग्य छैन भनी लिखित रुपमा गरेको घोषणापत्र दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ ।

११.उपरोक्त सर्त वाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलिन ऐन नियम वमोजिम हुनेछ । दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

ठेक्का संकेत नं.	कामको विवरण	आवश्यक संख्या	लागत अनुमान (मु.अ. कर सहित)	बिड सेक्युरेटी रकम रु.	दरभाउ पत्र दस्तुत रकम रु.
श.न.पा.०५/०७७/०७८	भिडियो एक्स-रे खरीद (सम्पुर्ण सेटअप सहित)	१ सेट	२२,००,०००।००	१,१०,०००।००	३०००।००

शत्रुघन यादव
प्रमुख प्रशासकीय अधिकृत